# जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः जिल्लाभित्र सञ्चालन हुने विकास निर्माण सम्बन्धी आयोजना, परियोजना वा कार्यक्रम र गैरसरकारी संघ संस्थाहरूबाट सञ्चालन गरिने कार्यक्रमको अनुगमन तथा समन्वय गर्ने कामलाई व्यवस्थित, नियमित र प्रभावकारी बनाउन नेपालको संविधानको धारा २२० तथा मधेश प्रदेश को गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन (कार्यविधि) , २०७७ को दफा १०१(१) ले दिएको अधिकार प्रयोग गरी रौतहट जिल्लाकोछैठौं जिल्ला सभाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "जिल्लास्तरीय अनुगमन तथा समन्वयकार्यविधि, २०८२"रहेको छ ।

(२) यो कार्यविधि जिल्ला सभाबाट पारित भई प्रमुखबाट प्रमाणीकरण भएको मितिदेखि प्रारम्भहुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा.

(१) "आर्थिक वर्ष" भन्नाले कुनै वर्षको श्रावण १ गतेदेखि सुरु भई अर्को वर्षको आषाढ मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ ।

(२) "उप प्रमुख" भन्नाले समितिको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(३) "ऐन" भन्नालेमधेश प्रदेशको गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७लाई सम्झनु पर्दछ ।

(४) "कार्यविधि" भन्नाले जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ ।

(५) "गैर सरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम रौतहट जिल्लामा कार्यरत संघ संस्थाहरूलाई सम्झनुपर्दछ र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार वा सम्वन्धित स्थानीय तहको अनुमतिमा रौतहट जिल्लामा काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा दातृ निकाय समेतलाई जनाउँछ ।

(६) "जिल्ला" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ३ बमोजिमको रौतहट जिल्लालाई सम्झनुपर्दछ ।

(७) "जिल्ला सभा" भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको रौतहट जिल्लाको जिल्ला सभालाई सम्झनु पर्दछ।

(८) "प्रमुख" भन्नाले समितिको प्रमुखलाई सम्झनुपर्दछ ।

(९) "योजना" भन्नाले निश्चित अवधि भित्र सम्पन्न गर्ने गरी सञ्चालन गरिने संघ, प्रदेश वा स्थानीय तहले जिल्ला भित्र सञ्चालन गर्ने आयोजना वा परियोजना सम्झनुपर्छ र सो शब्दले निश्चित अवधिभित्र सम्पन्न गर्ने कार्यक्रम समेतलाई जनाउँछ ।

(१०)"सदस्य" भन्नाले समितिको सदस्यलाई सम्झनुपर्दछ ।

(११) "समन्वय अधिकारी" भन्नाले ऐनको दफा ८२ को उपदफा (१) बमोजिमको जिल्ला समन्वय अधिकारीलाई सम्झनु पर्दछ।

(१२) "समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिम निर्वाचित रौतहट जिल्लाको जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ ।

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय समितिको कार्यालय, गौर, मधेश प्रदेश, नेपाल

जिल्ला समन्वय अधिकारी

(१३) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम रौतहटजिल्लामा स्थापना भएका नगरपालिका/गाउँपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

## अनुगमन सम्बन्धी व्यवस्था

**३. अनुगमन गर्नुपर्नेः** (१) नेपालको संविधानको धारा २२० को उपधारा (७) को देहाय खण्ड (ख) बमोजिम विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न समितिले त्यस्तो कार्यको अनुगमन गर्नेछ ।

(२) ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ख) मा उल्लेख भएबमोजिम समितिले जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी दफा ५ बमोजिम निर्धारित सूचकका आधारमा विभिन्न चरणमा कार्यक्रमको अनुगमन गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन गर्दा समितिले जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा समेत अध्ययन तथा अनुसन्धान गर्न गराउन सक्नेछ ।

**४. विवरण संकलन गर्नुपर्नेः** (१) यस कार्यविधि बमोजिम गरिने अनुगमनको प्रयोजनको लागि जिल्ला भित्रका स्थानीय तहहरूको सम्बन्धमा समितिले अनुसूची -१ बमोजिमको ढाँचामा विवरण माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण माग भएकोमा जिल्लास्थित स्थानीय तहहरूले समितिलाई त्यस्तो विवरण उपलब्ध गराउनुपर्नेछ ।

(३) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमहरूको सम्बन्धमा सम्बन्धित स्थानीय तह, सरकारी निकाय वा गैरसरकारी संस्थाले समितिलाई त्यस्तो कार्यक्रमसँग सम्बन्धित देहायबमोजिमको विवरण र कागजातहरू उपलब्ध गराउनु पर्नेछः-

(क)कार्यक्रम स्वीकृत भएको १५ दिनभित्र कार्यक्रमसँग सम्बन्धित नीति, स्वीकृत वार्षिक कार्यक्रमर बजेटको प्रमाणित प्रतिलिपि,

(ख) अध्ययन, अनुसन्धान र अनुगमनको लागि आवश्यक आयोजनाहरूको ड्रइङ्ग, डिजाइन र लागत अनुमान लगायतका विवरण,

(ग) प्रत्येक चौमासिक अवधि समाप्त भएको पन्ध्र दिनभित्र चौमासिक प्रतिवेदन र आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र वार्षिक प्रतिवेदन ।

(४) यस दफाबमोजिम अनुगमन गर्दा समितिले देहायबमोजिमका विषयहरूको अनुगमन गर्नेछः-

(क) विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धी विषय,

(ख) प्राकृतिक स्रोतको व्यवस्थापन तथा नदीजन्य पदार्थको उत्खनन र सोको राजश्व संकलन,

(ग) प्राकृतिक प्रकोप तथा विपद जोखिमयुक्त क्षेत्रको स्थलगत अवलोकन र व्यवस्थापन सम्वन्धीविषय,

(घ) कृषि, पर्यटन, वन तथा वातावरण र जलस्रोतको उपयोग लगायतका क्षेत्रमा भइरहेको कार्यक्रमहरूको अवलोकन,

(ङ) जिल्ला भित्रका राष्ट्रिय र प्रदेश गौरवका आयोजनाहरूको अनुगमन,

(च) नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालय तथा कार्यालयहरूले सञ्चालन गरेका योजना तथा परियोजनाको अनुगमन,

(छ) नेपाल सरकार तथा प्रदेश सरकारका जिल्लास्थित कार्यालय एवम् स्थानीय तह र सो अन्तर्गतका कार्यालयहरूको अनुगमन र

(ज) नेपाल सरकार वा प्रदेश सरकारले तोकेबमोजिमका कार्यक्रमको अनुगमन र

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

(ख) योजनास्थलको निरीक्षणका क्रममा अवलोकन, प्रश्नोत्तर, अन्तर्वार्ता, छलफल आदि गर्ने (सर्वसाधारण जनता, उपभोक्ता समिति, निर्माण व्यवसायी, सम्बन्धित प्राविधिक, नागरिक समाज, स्थानीय बुद्धिजिवी, महिला, दलित, जनजाति आदिसँग),

(ग) योजना कार्यान्वयन स्थलमा देखापरेका समस्याहरू सङ्कलन गर्ने,

(घ) सञ्चालित योजना र कार्यक्रमको भौतिक प्रगतिबारे सम्बन्धित प्राविधिकबाट विवरण लिने,

(ङ) सञ्चालित योजना र कार्यक्रमको वित्तीय प्रगतिबारे सम्बन्धित पक्षबाट विवरण लिने,

(च) अनुगमन भ्रमणसँग सम्बन्धित प्रतिवेदन पेश गर्ने ।

(५) पाँचौ चरण:

(क) संकलित सूचनाको आधारमा तथ्याङ्क सम्बन्धी औजार (tools) तयार गर्ने,

(ख) सूचक तथा प्रतिवेदनको विश्लेषण गरी निर्देशन तथासुझावहरू तयार गर्ने,

(ग) सम्बन्धित निकायहरूलाई निर्देशन तथा सुझावहरू पठाउने,

(घ) अनुगमन सम्बन्धी अभिलेखलाई व्यवस्थित गरी सहभागितामूलक अनुगमन प्रणालीको स्थापना गर्ने,

(ङ) अनुगमन प्रणालीलाई आधुनिक र व्यवस्थित बनाउन सूचना प्रणालीको विस्तार एवं अभिलेख व्यवस्थापनलाई सुदृढ बनाई आयोजना चक्रका विभिन्न चरणमा सहभागीतामूलक अनुगमन प्रणालीलाई सुदृढ गराउने,

(च) संघ तथा प्रदेश सरकारको सहयोगमा अनुगमनको लागि क्षमता विकासको कार्यक्रम बनाई निरन्तर कार्यान्वयन गर्ने ।

७. स्थलगत अनुगमन प्रक्रिया: स्थलगत अनुगमन गर्दा देहायबमोजिम अनुगमन प्रक्रिया अवलम्बन गरिनेछः

क) योजना र कार्यक्रमको स्थलगत निरीक्षण / अवलोकन,

ख) योजना सञ्चालनमा संलग्न प्राविधिकहरूसँग छलफल,

ग) उपभोक्ता समितिका पदाधिकारीहरू, निर्माण व्यवसायी र सरोकारवालाहरूसँग अन्तर्वार्ता र छलफल,

घ) आयोजना, परियोजना वा कार्यक्रम सम्बन्धी जानकारी विवरण र तथ्याङ्कको टिपोट,

ङ) आयोजना, परियोजना वा कार्यक्रमको कार्यप्रगति देखिने तस्वीरहरू संकलन,

च) आयोजना, परियोजना तथा कार्यक्रमको नाम, कार्यक्रम सञ्चालन स्थलमा भए गरेकोप्रमुख कार्यहरू, कार्य प्रगति प्रतिशत (भौतिक र वित्तीय), बाँकी काम, काम गर्दाका समस्या, समस्या समाधानका प्रयास र अनुगमन टोलीको सुझाव जस्ता विषय समेटिएको अनुगमन प्रतिवेदन।

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

मुल्याङ्कन ।

**५. अनुगमन सूचकको प्रयोग गर्नुपर्नेः** (१) समितिले अनुगमन गर्दा आवश्यकता अनुसार प्रतिफल, असर र प्रभाव तहका सूचकहरू समावेश गरी अनुगमन गर्नेछ ।

(२) स्थानीय तहद्वारा संचालित कार्यक्रम र आयोजनाहरूको अनुगमनको लागि अनुसूची-२ बमोजिमको अनुगमन सूचकहरू प्रयोग गर्नुपर्नेछ ।

(३) संघ र प्रदेश सरकार अन्तर्गतका कार्यालयको अनुगमन गर्दा अनुसूची- ३ बमोजिमको अनुगमन सूचकहरू प्रयोग गर्नुपर्नेछ । ।

(४) सामाजिक र मानवीय विकास कार्यक्रमको अनुगमन गर्दा अनुसूची- ४ बमोजिमको अनुगमन सूचकहरू प्रयोग गर्नुपर्नेछ ।

(५) उपभोक्ता समितिबाट संचालित आयोजनाहरूको अनुगमन गर्दा अनुसूची-५ बमोजिमको अनुगमन सूचकहरू प्रयोग गर्नुपर्नेछ ।

(६) गैर सरकारी संघ संस्थाहरूबाट संचालित कार्यक्रमहरूको अनुगमन गर्दा अनुसूची- ६ बमोजिमको अनुगमन सूचक प्रयोग गर्नुपर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कार्यक्रमको अनुगमनको सम्बन्धमा छुट्टै अनुगमन सूचीको उल्लेख भएकोमा सोही बमोजिमको अनुगमन सूची प्रयोग गर्न सकिनेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकारबाट संचालित कार्यक्रमको सम्बन्धमा नेपाल सरकार वा प्रदेश सरकारबाट निर्धारित अनुगमन सूचकहरू प्रयोग गर्न सकिनेछ ।

**६. अनुगमनका चरणहरूः** यस कार्यविधिबमोजिमको अनुगमन कार्यलाई प्रभावकारी बनाउन देहायका चरणमा अनुगमन गर्न सकिनेछः-

(१) प्रथम चरणः

(क) विकास निर्माण कार्यक्रमको विवरण संकलन गर्ने,

(ख) अनुगमनको कार्ययोजना तयार गर्ने र सो क्रममा अनुगमनको विधि निर्धारण गर्ने,

(ग) आवश्यकता अनुसार अनुगमन सम्बन्धी अनुशिक्षण सञ्चालन गर्ने (स्थानीय तह सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका पदाधिकारीहरू),

(घ) सूचकहरूको पहिचान गर्ने ।

(२) दोस्रो चरणः

(क) अनुगमन सम्बन्धमा सरोकारवालाहरूसँग सम्पर्क गर्ने,

(ख) अनुगमन सम्बन्धी सूचना तथा जानकारीहरू सङ्कलन गर्ने,

(ग) प्राप्त सूचना र जानकारीका आधारमा आवश्यकता अनुसार अन्तर्वार्ता वा सूचना संकलनका लागि प्रश्नावली वा रुजु सूची ( check list) तयार गर्ने,

(घ) आवश्यकता अनुसार अनुगमन टोली गठन गर्ने ।

(३) तेस्रो चरणः

(क) आवश्यकता अनुसार अनुगमन सम्बन्धी समीक्षा गोष्ठी सञ्चालन गर्ने गराउने,

(ख) गोष्ठीमा योजना तथा कार्यक्रमहरूको स्थिति विवरण समेत प्रस्तुत गरी छलफल गर्ने,

(ग) गोष्ठीमा प्रस्तुत समस्याहरू टिपोट तथा निर्णय गरी पृष्ठपोषणका लागि सम्बन्धित निकायमा पठाउने।

(४) चौथो चरणः

(क) योजना तथा कार्यक्रम स्थलको स्थलगत अध्ययन वा निरीक्षण भ्रमण गर्ने.

रामअयोध्या राय यादव
प्रमुख



प्रदेश, नेपाल

जिल्ला ... अधिकारी

## परिच्छेद ३

## अनुगमन समिति सम्बन्धी व्यवस्था

**८. अनुगमन समितिको गठनः** (१) जिल्लामा सञ्चालित विभिन्न आयोजना, परियोजना वा कार्यक्रमको अनुगमन गर्ने प्रयोजनको लागि देहायबमोजिमको जिल्ला अनुगमन समिति रहनेछः

क. समितिको प्रमुख- -संयोजक

ख. समितिको उपप्रमुख - -सदस्य

ग. समितिले तोकेको एक जना महिला सहित २ जना समितिका सदस्य -सदस्य

घ. जिल्ला समन्वय अधिकारी वा निजले तोकेको जिल्ला समन्वसमितिको कर्मचारी -सदस्य सचिव

(२) अनुगमन समितिले आवश्यकतानुसार ईन्जिनियर वा अन्य प्राविधिक कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुगमन समितिले अनुगमनको क्रममा सम्बन्धित आयोजना, परियोजना वा कार्यक्रम सञ्चालन वा कार्यान्वयन गर्ने निकायको पदाधिकारीलाई समेत सहभागी गराउन सक्नेछ ।

(४) अनुगमन समितिले आयोजना, परियोजना वा कार्यक्रमसँग सम्बन्धित सरोकारवाला वाउपभोक्ताको प्रतिनिधिलाई अनुगमन कार्यमा सहभागी गराउन सक्नेछ ।

**९. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ८ बमोजिमको जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सुझाव वा मार्गदर्शन दिने।

ख) सञ्चालित आयोजनाको कार्यान्वयन, कार्यतालिका र कार्यविधि अनुसार भए नभएको तथ्याङ्क सङ्कलन गरी सम्बन्धित पक्षलाई लक्ष्य प्राप्तिको लागि मार्गदर्शन गर्ने ।

ग) यस कार्यविधि बमोजिम प्रभावकारी र सन्तुलित रुपमा अनुगमन कार्यसम्पन्न गर्ने।

घ) समितिले अध्ययन, अनुसन्धान तथा अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक विश्लेषण गरी आफ्नो सुझावसहितको प्रतिवेदन जिल्ला समन्वय समिति समक्ष पेश गर्ने ।

ङ) आयोजना, परियोजना वा कार्यक्रम कार्यान्वयनमा प्रभावकारी प्रतिफल प्राप्तिका लागि समानुपातिक र सन्तुलित विकास गर्न सुझाव तथा मार्गदर्शन दिने ।

(२) समितिले आवश्यकता अनुसार विषयगत विज्ञको संयोजकत्वमा बढीमा पाँच सदस्यीय विज्ञ समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गराउन सक्नेछ ।

**१०. अनुगमन सम्बन्धी आचारसंहिताः** यस कार्यविधि बमोजिमको अनुगमन कार्यसँग सम्बन्धित व्यक्तिले देहायको आचारसंहिता पालनो गर्नु गराउनुपर्नेछः

क) अनुगमन गर्ने व्यक्ति तथा पदाधिकारीहरू पूर्वाग्रहमुक्त हुनुपर्ने,

ख) अनुगमन गर्दा देखिएको वस्तुगत विवरण प्रतिवेदनमा उल्लेख हुनुपर्ने,

ग) अनुगमन समितिका सदस्यहरूमा मत विभाजन भई कार्य प्रगतिको सम्बन्धमा फरक मत देखिएमा आ-आफ्नो मत अभिलेख गराउन सक्ने,

घ) अनुगमन प्रतिवेदन व्यक्ति विशेष केन्द्रित नभई संस्थागत विषय र सवालमा केन्द्रित हुनुपर्ने,

ङ) अनुगमन प्रतिवेदन सुधार र पृष्ठपोषणको लागि हुनुपर्ने,

च) जिल्ला समन्वय समितिको मर्यादा, गरिमा र प्रतिनिधित्व झल्किने गरी अनुगमन कार्यसञ्चालन गर्नुपर्ने।

जिल्ला समन्वय अधिकारी

रामअयोध्या राय यादव
प्रमुख

११. अभिलेख र प्रतिवेदनः (१) अनुगमन समितिले आफूले गरेको अनुगमन सम्बन्धी कामको सम्पूर्ण विवरणको अभिलेख राखुपर्नेछ।

(२) अनुगमन कार्य सम्पन्न भइसकेपछि संकलित विवरणको आधारमा अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेछ।

(३) अनुगमन समितिले पारदर्शिता कायम गर्न तथा आगामी योजना र कार्यक्रममा पृष्ठपोषण गर्न अनुगमनको प्रारम्भिक प्रतिवेदन सम्बन्धित निकायमा पृष्ठपोषणको लागि पठाई प्राप्त सुझाव र छलफल समेतका आधारमा परिमार्जन गरी अन्तिम प्रतिवेदन तयार गर्नुपर्नेछ।

(४) अनुगमन समितिले उपदफा (३) बमोजिम तयार गरेको अन्तिम प्रतिवेदन समितिसमक्ष पेश गर्नुपर्नेछ।

(५) समिति समक्ष प्राप्त हुन आएका अनुगमन प्रतिवेदनहरूलाई समितिले एकिकृत गरी स्वीकृतिको लागि सभासमक्ष पेश गर्नुपर्नेछ ।

(६) समितिले सभाबाट स्वीकृत प्रतिवेदनको प्रति सम्बन्धित स्थानीय तह र अन्य सरोकारवालाहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(७) समितिले वार्षिक रुपमा उपदफा (६) बमोजिम स्वीकृत अनुगमन प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गर्नुपर्नेछ।

१२. अनुगमन र समन्वयको काममा खटिने पदाधिकारीको सेवा सुविधाः (१) अनुगमन र समन्वय सम्बन्धी काममा खटिने पदाधिकारी, कर्मचारीहरू तथा विषय विज्ञले प्रचलित कानूनले तोकेबमोजिम पारिश्रमिक तथा भत्ता पाउनेछन् ।

(२) कुनै योजना वा कार्यक्रमको अनुगमन कार्यका लागि कुनै आयोजना, परियोजना, वा कार्यक्रमबाटै अनुगमन सम्बन्धी खर्च उपलब्ध गराइएको भए सोही स्रोतबाट र नभए जिल्ला समन्वय समितिको कोषबाट व्यहोरिने छ।

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

जिल्ला समन्वय अधिकारी

## परिच्छेद ४

## समन्वय सम्बन्धी व्यवस्था

**१३. समन्वय गर्नेः** (१) संविधानको धारा २२० को उपधारा (७) बमोजिम देहायका विषयहरू जिल्ला सभाले समन्वय गर्नेछः

(क) जिल्लाभित्रका गाउँपालिका/नगरपालिकाबीच समन्वय गर्ने,

(ख) जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका/नगरपालिकाबीच समन्वय गर्ने।

(२) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २६ को उपदफा (१) बमोजिम जिल्ला समन्वय समितिले देहायका विषयमा समन्वय गर्नेछः

(क) संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य,

(ख) जिल्लामा रहने सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीयतहबाट सम्पादन हुने कार्य

(ग) प्रचलित कानूनबमोजिम तोकिएका अन्य कार्य ।

(३) राष्ट्रिय समन्वय परिषद् वा प्रदेश समन्वय परिषद्ले समन्वय र सहजीकरणका लागि लेखी पठाएको विषयमा समितिले समन्वय र सहजीकरण गर्नेछ ।

(४) ऐनको दफा (३) बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकारमा उल्लेख भएका समन्वय सम्बन्धी कार्य जिल्ला सभाले गर्नेछ ।

**१४. समन्वयको उद्देश्यः** जिल्ला समन्वय समितिले जिल्लास्थित सङ्घीय, प्रादेशिक र स्थानीय तह तथा मातहतका निकायबीच देहायका उद्देश्यले समन्वय गर्नेछः-

(क) जिल्लाभित्रका स्थानीय तहबीचको विकास निर्माणका विषय पहिचान एवं व्यवस्थापन गर्ने, (ख) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन एवं अनुसन्धान गर्ने,

(ग) जिल्लाभित्र सञ्चालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्ने,

(घ) विकास आयोजनाहरू सञ्चालनमा देखिएका बाधा अड्काउ फुकाई कार्यान्वयनमा प्रभावकारिता ल्याउने,

(ङ) नदिजन्य पदार्थ लगायत प्राकृतिक स्रोत साधनको उत्खनन्, कटान, उपयोग र निकासीको अध्ययन, अनुसन्धान र समन्वय गरी सम्बन्धित निकायमा आवश्यक सुझाव दिने, (च) जिल्लाभित्र सङ्घीय, प्रादेशिक, स्थानीय कार्यालय/निकाय, गाउँपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने.

(छ) कुनै पनि दुई वा बढि निकायबीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पार्ने असर र प्रभावको विषयमा समन्वय गरी सहजीकरण गर्ने,

(ज) जिल्लाको दिगो विकासमा सहयोग पुयाउने ।

**१५. समन्वयको क्षेत्रः** (१) जिल्ला समन्वय समितिले जिल्लाको दिगो, सन्तुलित एवं व्यवस्थित विकासका लागि स्थानीय तह, प्रदेश र संघद्वारा जिल्लाभित्र सञ्चालन हुने र सञ्चालनमा रहेका विभिन्न राष्ट्रिय गौरवका आयोजना तथा विकास निर्माण तथा सेवा सम्बन्धी योजनाहरूको पहिचान / अनुगमन गर्ने क्रममा आयोजना सञ्चालन गर्ने निकायसँग आवश्यक समन्वय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समन्वय गर्दा निम्न कुरामा ध्यान पुयाउनुपर्नेछः

रामअयोध्या राय यादव
प्रमुख



जिल्ला समन्वय अधिकारी

(क) अन्तर स्थानीय तहबीच नीतिगत समन्वय,

(ख) विकास निर्माणसँग सम्बन्धित कार्यमा सन्तुलन,

(ग) संघ प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध,

(घ) आयोजना छनौट तथा सञ्चालनमा दोहोरोपना,

(ङ) सबै जातजाति, वर्ग, क्षेत्र, लिङ्गको आधारमा विकास निर्माण योजनाहरूको समावेशीता,

(च) नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षणको अवस्था,

(छ) ऐन नियम अनुसार आयोजना छनौट प्रक्रिया,

(ज) दिगो विकाससँग सम्बन्धित विकास योजना तथा आयोजनाहरूको

(झ) आयोजनाहरूको हस्तान्तरण पश्चात मर्मत सम्भारको व्यवस्था,गुणस्तर,

(ञ) जिल्लाभित्रका स्थानीय तहहरूको व्यवस्थापकीय तथा प्राविधिक निपुणता लगायतका विषयमा जनशक्ति व्यवस्थापन एवं क्षमता विकासको व्यवस्था,

(ट) स्थानीय, जिल्लास्तर, अन्तर जिल्लास्तरीय, राष्ट्रिय प्राथमिकता प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरूको सञ्चालनका लागि आवश्यक निर्माण सामग्रीको उपलब्धता,

(ठ) जिल्लाभित्रका स्थानीय तहहरूबीच देखा परेका प्रमुख समस्या, कठिनाइ एवं विवादहरू,

(ड) जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन योजना र कार्य,

(ढ) जिल्लास्तरीय अभियानका विषयहरू ।

**१६. समन्वय प्रक्रिया :** १) यस कार्यविधि बमोजिम समन्वय सम्बन्धी कार्य गर्दा देहायका बमोजिमको प्रक्रियाहरू अवलम्बन गर्न सकिनेछः-

(क) जिल्ला भित्रका स्थानीय तह, संघ तथा प्रदेश मातहतका कार्यालयहरू, राजनीतिक दल एवं जिल्लामा क्रियाशिल नागरिक समाज, गैर सरकारी संस्था समेतको सहभागितामा जिल्लाको दिगो विकासका लागि साझा अवधारणा तय गर्ने,

(ख) जिल्लामा रहने संघ र प्रदेश मातहतका सरकारी कार्यालयहरू र स्थानीय तहहरूबीच समन्वय कायम गर्न बैठक, छलफल, गोष्ठी र अन्तरक्रियाको व्यवस्था मिलाउने,

(ग) जिल्ला भित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न स्थानीय तह, राजनैतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र तथा नागरिक समाजसँग समन्वय तथा अन्तरक्रिया गर्ने,

(घ) विकास निर्माण तथा सेवा प्रवाहको सन्दर्भमा स्थानीय तहहरूबीच देखिएका विवादहरूसम्बन्धित पक्षहरूको उपस्थितिमा समाधानका लागि पहल गर्ने,

(ङ) जिल्ला भित्र आइपर्ने प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन एवं वातावरण संरक्षणका लागि प्रदेश र स्थानीय तहहरूसँगको समन्वय तथा सरोकारवालाहरूको सहभागितामा स्थानीय नीति एवं कार्ययोजना तय गरी कार्यान्वयनका लागि स्थानीय तहहरूलाई प्रेरित एवं मार्गदर्शन गर्ने,

(च) जिल्ला भित्रका स्थानीय तहहरूको क्षमता विकास एवं प्रविधि हस्तान्तरणका लागि संघ, प्रदेश, स्थानीय तह र गैर सरकारी संस्था लगायत निजी क्षेत्रसँग समन्वय गर्ने,

(छ) विकास निर्माण तथा सेवा प्रवाहको वस्तुगत मुल्याङ्कनको मापदण्ड तयार गरी सोको आधारमा प्रत्येक वर्ष जिल्ला भित्रका स्थानीय तहहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने,

(ज) स्थानीय तहहरूद्वारा सम्पादित अनुकरणीय कार्य तथा सम्भावनाहरूको पहिचान गरी प्रकाशन एवं प्रसारणको माध्यमबाट जनतासमक्ष प्रवाह गर्ने,

जिल्ला समन्वय अधिकारी

रामअयोध्या राय यादव
प्रमुख

(झ) प्रत्येक छ(६) महिनामा स्थानीय तहका प्रमुख/अध्यक्ष, पदाधिकारीहरू र प्रमुख प्रशासकीय अधिकृतहरूबीच समन्वयात्मक बैठकको आयोजना गरी अनुभव आदानप्रदान, समस्याको समाधान तथा दिगो विकासका विषयमा छलफल गर्ने व्यवस्था मिलाउने,

(ञ) प्रत्येक त्रैमासिकमा स्थानीय तहहरूले अनुसुची ७ बमोजिमको भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन समितिमा पठाउने व्यवस्था मिलाउने,

(ट) आफ्नो काम कारबाहीको सम्बन्धमा सम्बन्धित प्रदेश मन्त्रालयमा आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन गर्ने,

(ठ) जिल्ला भित्रको विकास तथा निर्माण कार्यलाई प्रभावकारी बनाउनको लागि खण्ड (झ) बमोजिम बैठकमा वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यलाई आमन्त्रण गरी छलफल गर्ने ।

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

अनुसूची-१

जिल्ला समन्वय समिति, रौतहट

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

स्थानीय तहसम्बन्धी विस्तृत विवरण

स्थानीय तहको नाम र ठेगानाः आर्थिक वर्षः

| क्र. सं. | विवरण | | ईकाई | परिमाण/अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्वीकृत दरबन्दी सङ्ख्या | | | | |
| २ | पदपूर्ति | स्थायी | जना | | |
| | | अस्थायी | जना | | |
| | | करार | | | |
| | | ज्यालादारी | | | |
| | | जम्मा | | | |
| ३ | रिक्त दरबन्दी | | | | |
| ४ | कार्यरत कर्मचारीको समावेशी प्रतिनिधित्वको अवस्था | महिला | जना | | |
| | | पिछडिएको क्षेत्र/ उत्पिडित जति वर्ग | जना | | |
| | | अपाङ्ग | जना | | |
| | | पुरुष | जना | | |
| | | जम्मा | जना | | |
| ५ | पद तथा सेवाको प्रकृतिका आधारमा कर्मचारीको प्रतिनिधित्व | प्राविधिक | | | |
| | | अप्राविधिक | | | |
| | | अधिकृतस्तर | | | |
| | | सहायकस्तर | | | |
| | | जम्मा | | | |
| ६ | आर्थिक प्रशासन सम्बन्धि | लेखा समिति गठन | | | |
| | | आन्तरिक लेखा परिक्षण शाखा गठन | | | |
| | | गत आवको अन्तिम लेखापरीक्षण भए नभएको | | | |
| | | हालसम्मको बेरुजुको अंक | | | |
| | | हालसम्मको बेरुजुफछ्र्यौट | | | |
| | | फछ्र्यौट हुन् बाँकी बेरुजु | | | |

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
मधेश प्रदेश, नेपाल

जिल्ला समन्वय अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पेश्की बाँकी | | | | |
| ७ | स्थानीय तह कोषको अवस्था | | | आम्दानी रकम रु | खर्च रकम रु | |
| | | संघीय अनुदान | वित्तीय समानीकरण | | | |
| | | | सशर्त | | | |
| | | | विशेष | | | |
| | | | समपुरक | | | |
| | | | जम्मा | | | |
| | | प्रदेश अनुदान | वित्तीय समानीकरण | | | |
| | | | सशर्त | | | |
| | | | विशेष | | | |
| | | | समपुरक | | | |
| | | | जम्मा | | | |
| | | सङ्घीय विभाज्य कोषबाट प्राप्त हुने | | | | |
| | | प्रदेश बिभाज्य कोषबाट प्राप्त हुने | | | | |
| | | आन्तरिक आय | चल अचल सम्पत्तिको बिक्रीबांट | | | |
| | | | कर, दस्तुर, सेवा शुल्क, महशुल, भाडा आदिबाट प्राप्त | | | |
| | | | श्रोत परिचालनबाट | | | |
| | | | दण्ड जरिवानाबाट | | | |
| | | | मालसामान लिलाम बिक्रीबाट | | | |
| | | | ठेक्कापट्टाबाट | | | |
| | | | भूमिकरको तोकिएको प्रतिशतबाट | | | |
| | | | सापटी रकम र धारौटी रकम | | | |
| | | | एकिकृत सम्पत्ति कर | | | |
| | | | अन्य विविध शिर्षकको | | | |
| | | | जम्मा | | | |

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्थानीय बिभाज्य कोषबाट सङ्घीय संचित कोषमा पठाईएको | | | |
| | | स्थानीय बिभाज्य कोषबाट प्रदेश संचित कोषमा पठाईएको | | | |
| | | नेपाल सरकारबाट निश्चित कार्यक्रमका लागि प्राप्त | | | |
| | | प्रदेश सरकारबाट निश्चित कार्यक्रमका लागि प्राप्त | | | |
| | | अन्य श्रोत (व्यक्ति तथा संस्था) | | | |
| | | जम्मा | | | |
| ८ | स्थानीय तह कोषको खर्चको अवस्था | | रकम रु | प्रतिशतमा | |
| | | जम्मा चालु खर्च | | | |
| | | जम्मा पूंजीगत खर्च | | | |
| | | दायित्व सृजना भई भुक्तानी बाँकी | | | |
| | | खर्च नभई जिम्मेवारी सरेको | | | |
| | | जम्मा खर्च | | | |
| ९ | योजना तथा कार्यक्रमको आधार | | एकाई | अवस्था/परिमाण | |
| | | भुउपयोग योजना तयार | | | |
| | | आवधिक योजना तयार | | | |
| | | एकिकृत कार्यमूलक योजना तयार | | | |
| | | वार्षिक विकास कार्यक्रमको प्राथमिकताक्रम निर्धारण | | | |
| | | विकास आयोजनाहरु संचालन गर्ने EIA वा IEE अवलम्बन | | | |
| | | विगत वर्षबाट जिम्मेवारी सरी आएका योजना | | | |
| | | नयाँ सुरु भएका योजना | | | |
| | | सम्पन्न गरिएका योजना | | | |
| | | योजना जाँचपास फरफारक गर्ने | | | |
| | | स्थानीय तहको बस्तुस्थिति विवरण तयार | | | |
| १० | | खानेपानी योजना | | | |

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय समितिको कार्यालय, ...
मधेश प्रदेश, नेपाल

जिल्ला समन्वय अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | योजनाको प्रकृति र सङ्ख्या | ढलनिकास योजना | | | |
| | | सडक | | | |
| | | सिंचाई | | | |
| | | भवन निर्माण | | | |
| | | बसपार्क | | | |
| | | पार्क उधान हरियाली क्षेत्र | | | |
| | | अन्य | | | |
| ११ | योजना तथा कार्यक्रम संचालन प्रक्रिया | उपभोक्ता समितिमार्फत | | | |
| | | गैर सरकारी संस्थामार्फत | | | |
| | | ठेक्का पट्टाबाट | | | |
| | | सार्वजनिक निजी साझेदारीमा | | | |
| | | अमानतबाट | | | |
| १२ | बस्ति विकास तथा भवन निर्माण सम्बन्धि | भवन निर्माण मापदण्ड तयार तथा स्वीकृत | | | |
| | | भवन निर्माण नक्सा पास सङ्ख्या | | | |
| | | प्रति वर्ग फिट नक्सा पास दस्तुर | | | |
| | | भूकम्प प्रतिरोधी मापदण्ड कायम | | | |
| | | सार्वजनिक भवनको नक्सामा अपाङ्गमैत्री संरचना अनिवार्य गरिए/ नगरिएको | | | |
| १३ | फोहोरमैला व्यवस्थापन | स्थानीय तहभित्र प्रतिदिन उत्पादित फोहोरको परिमाण | | | |
| | | उत्पादित फोहोरमैला व्यवस्थापन प्रक्रिया | | | |
| | | फोहोरमैला प्रशोधन गर्ने प्रबन्ध | | | |
| | | ल्याण्डफील साईटको प्रबन्ध | | | |
| | | फोहोर उठाउने ट्रक, ट्रीपर, ट्याक्टर सङ्ख्या | | | |
| | | स्थानीय तहको केन्द्रदेखि ल्याण्डफील साईटसम्मको दुरी | | | |
| १४ | पन्जिकरण तथा | परिचयपत्र प्राप्त ज्येष्ठ नागरिक सङ्ख्या | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सामाजिक सुरक्षा सम्वन्धि | परिचयपत्र प्राप्त अपाङ्ग सङ्ख्या | | | |
| | | परिचयपत्र प्राप्त एकल महिला सङ्ख्या | | | |
| | | सामाजिक सुरक्षा कार्यक्रमका लागि संघ/प्रदेशबाट प्राप्त बजेट | | | |
| | | फाँटवारी संघ/प्रदेश मन्त्रालयमा | | | |

रामअयोध्या राय यादव
प्रमुख



जिल्ला समन्वय अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नियमित रुपमा पठाए नपठाएको | | | | |
| | | सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीमा आबद्ध भएका वडा सङ्ख्या | | | | |
| | | जन्मदर्ता सङ्ख्या | महिला | | | |
| | | | पुरुष | | | |
| | | | जम्मा | | | |
| | | मृत्युदर्ता सङ्ख्या | महिला | | | |
| | | | पुरुष | | | |
| | | | जम्मा | | | |
| | | विवाह दर्ता सङ्ख्या | | | | |
| | | बसाईसराई दर्ता सङ्ख्या | | | | |
| | | बसाई सरी गएको लगत हस्तान्तारिक सङ्ख्या | | | | |
| | | बसाई सरी आएको सदस्य सङ्ख्या | | | | |
| | | बसाई सरी गएको सदस्य संख्या | | | | |
| | | सम्बन्ध विच्छेद | | | | |
| १५ | सुशासन तथा प्रशासन सम्बन्धि | | | भएको | नभएको | नभएको भए कारण |
| | | नियमित मासिक बैठक | | | | |
| | | नियमित बैठक तालिका | | | | |
| | | समिक्षा बैठक प्रत्येक ४/४ महिनामा | | | | |
| | | आय व्ययको विवरण सार्वजनिक | | | | |
| | | जिन्सी खेस्ताको निरीक्षण | | | | |
| | | नागरिक वडापत्र सार्वजनिक | | | | |
| | | वडापत्र अनुसार कार्यसम्पादन | | | | |
| | | गुनासो सुन्ने प्रभावकारी संयन्त्र | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कर्मचारी पदपूर्ति नियमित | | | |
| | | कर्मचारीहरुको व्यक्तिगत अभिलेख व्यवस्थित | | | |
| | | कर्मचारी कल्याण कोष स्थापना तथा नियमित संचालन | | | |
| | | उपभोक्ता समिति, गैरसरकारी, संस्था, जिल्ला समन्वय समिति र विषयगत निकायसँग समन्वय | | | |
| | | कुनै सेवा वा व्यवस्थापन निजी क्षेत्रमार्फत गराएको (भए खुलाउने) | | | |

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | मानव संसाधन विकास केन्द्रको स्थापना | | | |
| | | सूचना केन्द्रको स्थापना | | | |
| | | मर्मत सम्भार कोषको स्थापन | | | |
| | | सुपरिवेक्षक तथा अनुगमन समितिको नियमित बैठक | | | |
| | | पदाधिकारीहरुको सम्पत्ति विवरण सार्वजनिक वा पेश गर्ने गरेको | | | |
| | | विगतमा अनुगमन भई दिएको सुझाव/निर्देशन पालना भएको | | | |
| | | आय वृद्धि गर्ने कुनै कार्ययोजना | | | |
| | | Accounting System(SUTRA) पूर्ण रुपमा लागु भएको (बजेट तर्जुमा, स्वीकृत खर्च, प्रतिवेदनलगायत) | | | |
| १६ | अन्य रचनात्मक कार्यहरु | | | | भए थप्ने |

स्थानीय तहका मुख्य समस्याहरुः-

समस्या समाधानका लागि गरिएका पहलहरुः-

ईमेल ठेगानाः-

वेवसाईट :-

सम्पर्क नम्बरः-

गुनासो सुन्ने अधिकारीको नाम थरः-

पदः-

कुल आय र आन्तरिक आय, रष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, नियम, स्थानीय सरकार संचालन ऐन, नियम तथा सङ्घीय एवम् प्रदेश कानूनबमोजिम हुने बजेट शिर्षक उपशिर्षक बमोजिम प्राप्त बजेट रकमहरु समावेश गरी आयका शिर्षक थपघट र परिमार्जन गरि अनुसूची १ को फाराममा समावेश गरिनेछ ।

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
मधेश प्रदेश, नेपाल

जिल्ला समन्वय अधिकारी

## अनुसुची -२

## जिल्ला समन्वय समिति, रौतहट

### (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

### स्थानीय तहद्वारा सञ्चालित आयोजनाहरूको लागि अनुगमन सूचकहरू

१) जनतामा सेवा प्रवाहसम्वन्धी नागरिक वडापत्र :

क. नागरिक वडापत्र अद्यावधिक गरिएको छ छैन

ख. नागरिक वडापत्र अनुसारको सेवा प्रवाह भएको छ छैन

ग. गुनासो सुन्ने अधिकारीको व्यवस्था,क्रियाशीलता र प्रभावकारिता छ छैन

घ. प्रशासकीय कार्य फछ्यौंट नियमावली अनुसार भएको छ छैन

ङ. उजुरी पेटिकाको व्यवस्था छ छैन

च. कुनै कर्मचारीको अनुपस्थित काम नरोकिने बैकल्पिक व्यवस्था छ छैन

छ. सार्वजनिक सुनुवाईको व्यवस्था छ छैन, भए एक आर्थिक वर्षमा कति पटक भएको छ उल्लेख गर्ने

२) बजेट तथा योजना तर्जुमा स्थानीय सरकार सञ्चालन ऐन नियमावली तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिमको सहभागितामूलक योजना पद्धतिको अवलम्बन (छ/छैन उल्लेख गर्ने)

क. तोकिएको समयभित्र स्थानीय तहलाई सिलिङ र मार्गदर्शन प्रदान गरिएको:

ख. भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरिएको:

ग. गरिबी नक्साङ्कन गरिएको :

घ. तोकिएको समयभित्र वार्षिक बजेट तथा योजना तर्जुमा भएको:

ङ. बजेट बाँडफाँड सिलिङ्गको परिधिभित्र रहेको:

च. महिला, बालबालिका तथा अन्य लक्षित वर्ग केन्द्रित योजना तर्जुमा र सञ्चालन भएको

छ. विशेष कोष सञ्चालन भएको:

ज. आवधिक योजना निर्माण भएको:

झ. आवधिक योजना भए सोसँग वार्षिक योजनाको तादात्म्यता भएको:

ञ. स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट निक्षेपित कार्यक्रमहरूमा बजेट विनियोजन गरिएको :

ट. त्यस्तो विनियोजित बजेटबाट सञ्चालन हुने कार्यक्रमको सम्पादन सम्बन्धित कार्यालयबाटै हुने व्यवस्था छ/छैन, साथै यथार्थ स्रोतमा आधारित बजेट निर्माण गरी बढिमा ३ वर्षभित्र सम्पन्न हुनेगरी आयोजनाहरूमा बजेट विनियोजन गरिएको:

ठ. ठुला आयोजनाहरूको वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन गरिएको:

ड. आगामी आवधिक योजना निर्माणको तयारी गरिएको:

रामअयोध्या राय यादव
प्रमुख

जिल्ला समन्वय अधिकारी

३) योजना कार्यान्वयन व्यवस्थापन योजना कार्यान्वयन कार्यतालिका ( छ छैन उल्लेख गर्ने)

क. कार्यतालिकाबमोजिम समयमै कार्यान्वयनका लागि कार्यान्वयन पक्ष (उपभोक्ता समिति ठेकेदारसँग सम्झौता):

ख. स्थानीयस्तरमा सञ्चालन हुने योजनाको छनौट, कार्यान्वयन र सञ्चालनको जिम्मेवारी स्थानीय समुदायलाई दिएको :

ग. उपभोक्ता समितिहरूको गठन सम्बन्धित उपभोक्ताहरूको कम्तिमा ८०% प्रतिशत उपस्थितिमा उपभोक्ता मध्येबाटै भएको

घ. उपभोक्ता समितिमा समावेशी प्रतिनिधित्व भएको:

